म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३३७ शुक्रबार, २ साउन २०८२ ने. सं. ११४५ दिल्लागा 18 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बालश्रमिकको उद्दार

हेटौंडा, १ साउन/सिबिन बाल हेल्पलाइन मकवानपुरले एक बालश्रमिकको उद्दार गरेको छ । बाल हेल्पलाइन मकवानपुर, मनहरी गाउँपालिका, बालकल्याण समाज मकवानपुर, हिमराइट्स मकवानपुरको संयुक्त टोलीले अनुगमन गर्दा १५ वर्षीय बालकको उद्दार गरिएको हो ।

अनुगमनको क्रममा ४ बालश्रमिक भेटिएको थियो । तर, दुर्गा वर्कशपबाट मात्र एक बालकको उद्दार गरिएको हो । तीन बालश्रमिकलाई भने काममा नराख्न सञ्चालकलाई चेतावनी दिइएको छ । अनुगमनमा बाल हेल्पलाइन मकवानपुरका संयोजक झबिन्द्र ज्ञवाली, बालकल्याण समाजका संयोजक प्रकाश खतिवडा, मनहरी गाउँपाकिकाकी उपाध्यक्ष सीता पुलामीमगर, हिमराइट्स मकवानपुरका संयोजक कुमारी वाईबालगायतको उपस्थिति रहेको थियो ।

# थाहालाई पूर्णसंस्थागत सुत्केरी पालिका घोषणा गर्ने बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ मकवानपुरको थाहा नगरपालिकालाई पूर्णसंस्थागत सुत्केरी पालिका घोषणा गर्ने बाटो खुलेको छ ।

वडा नं. ७ 'पूर्णसंस्थागत सुत्केरी वडा' घोषणा भएसँगै नगर पालिकालाई नै पूर्णसंस्थागत सुत्केरी पालिका घोषणा गर्ने बाटो खुल्ला भएको हो । ७ नं. वडामा तीन आर्थिक वर्षयता सबै महिला स्वास्थ्य संस्थामै सुरक्षित सुत्केरी भएको पाइएपछि 'पूर्णसंस्थागत सुत्केरीयुक्त वडा' घोषणा गरिएको थाहा नगर पालिका स्वास्थ्य शाखाप्रमुख मेघराज बलामीले जानकारी दिएका छन् । अध्ययन प्रतिवेदन अनुसार 'जिरो होम डेलिभरी' वडा भएको पाइएपछि घोषणा गरी वडालाई प्रमाणपत्र हस्तान्तरण गरिएको उनले बताए ।





असार ३२ गते बुधबार वडाको देउखेल सहरी स्वास्थ्यकेन्द्रमा आयोजित एक समारोहकाबीच नगर प्रमुख बिष्णु बिष्टले वडालाइ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गरेका हुन् । थाहा नगरपालिका प्रमुख बिष्टले थाहाका स्वास्थ्य संस्थाको स्तरोन्नतितर्फ आफू लागेको बताउदै यस कार्यमा अहोरात्र खटिने स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरु धन्यवादका पात्र रहेको उल्लेख गरे । कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रशाशक कृष्ण मिजारले शुभकामना दिदै अब पूर्णसुरक्षित मातृत्व जिल्ला घोषणाका लागि सबै स्थानीय तह र स्वास्थ्य संस्थाहरु लाग्नुपर्ने बताएका छन् ।

कार्यविधिअनुसार ९८ प्रतिशत गर्भवती महिला स्वास्थ्य संस्थामै सुत्केरी भएको, सरकारको मापदण्डअनुसार ९० प्रतिशतले गर्भवती टिडी खोप लगाएको, आइरन चक्की, जुकाको औषधि खाएको, नियमितरुपमा गर्भजाँच गराएको लगायत मापदण्डअनुसार पूर्णसंस्थागत सुत्केरी वडा घोषणा गर्ने गरिएको थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले बताए । पूर्णसुरक्षित मातृत्व घोषणा गर्न सबै गर्भवती र सुरत्केरीले विभिन्न नौ वटा सेवा पाएको हुनुपर्छ । बच्चा गर्भमा र हेको बेला चारपटक जाँच भएको, आइरन चक्की खाएको, टिटानस विरुद्धको खोप लगाएको, अस्पतालमा सुत्केरी भएको, जन्मेपछि नाभी मलम लगाएको लगायत सेवा पाएको हुनुपर्छ ।

१२ नं. वडा रहेको थाहा नगरको यसअघि ११ वटा वडा पूर्णसुत्केरी वडा घोषणा भइसकेको छ । वडा न ७ का वडाअध्यक्ष तथा देउखेल सहरी स्वास्थ्य केन्द्रका व्यवस्थापन समिति अध्यक्ष शिवराज थिङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहानगरभित्र रहेका स्वास्थ्यसंस्थाका प्रमुखहरु, प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डाक्टर जोनसन बिक, सरस्वती माध्यमिक विद्यालयका प्रधानाध्यापक बिष्णु वाइबा, थाहा नगरपालिका आर्थिक विकास समिति संयोजक हिरेन्द्रकुमार रायमाझीलगायत स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका पदाधिकारी, जनप्रतिनिधि, महिला स्वयंसेविका, स्वास्थ्यकर्मीलगायत उपस्थिति रहेको थियो ।

कार्यक्रममा वडालाई पूर्णसंस्थागत सुत्केरी वडा घोषणा गर्न खटिएका स्वास्थ्यकर्मी देउखेल सहरी स्वास्थ्य केन्द्रका अनमी नानीमाया थिङ र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानित गरि एको थियो । स्वास्थ्य केन्द्रका प्रमुख नेमराज थिङले संचालन गरेको कार्यक्रमलाई स्वास्थ्य केन्द्र व्यवस्थापन समितिका सदस्यसचिव चन्द्रबहादुर थिङले स्वागत गरेका थिए । सरकारले सन् २०३० सम्म अस्पतालमै सुत्केरी गराउनेको संख्या ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# शिव सर्किटको अवधारणा

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको जनकपुर भ्रमण गर्ने क्रममा जनकपुरधाम र मिथिला प्रदेश जोडेर रामायण सर्किट निर्माण गर्ने घोषणा गरेका थिए । त्यसपछिका दिनमा यो कुरा सेलायो । धार्मिक पर्यटनको विकास गर्ने उद्देश्यले सूर्यविनायक नगरपालिकाले 'शिव सर्किट' निर्माण गरेको थियो । त्यो पनि खासै प्रभावकारी देखिएन । धार्मिक पर्यटन र प्राकृतिक सौन्दर्यता, समृद्ध सूर्यविनायक नगरपालिका भन्ने नारासाथ नगरपालिकाले शिव सर्किट निर्माण गरेको थियो । सूर्यविनायक नगरपालिकाको १ देखि १० वडासम्म रहेका प्रसिद्ध शिव मन्दिरलाई एउटै मार्गबाट जोडेर सवारीसाधन र पैदलमार्गबाट जान सकिने गरी मार्ग निर्माण गरेको हो । आन्तरिक तथा बाह्य पर्यटकको प्रर्वद्धनमा टेवा पुऱ्याउने, स्थानीय धार्मिकसम्पदाको संरक्षण एवम् विकास गर्ने र सूर्यविनायक नगरपालिकाभित्र रहेका ग्रामीण क्षेत्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यले शिव सर्किट निर्माण गरेका थियो ।

अनन्तरलिङ्गेश्वर र सूर्यविनायक नगरपालिकालाई मिलाएर बनेको साविक बालकोट, सिरुटार, दधिकोट, गुण्डु, कटुञ्जे, सिपाडोल, नंखेल र चित्तपोल गाविसअन्तर्गत पर्ने सूर्यविनायक नगरपालिकाको करिब १४ किलोमिटरको दूरीमा रहेका प्रसिद्ध १३ शिव मन्दिरमा पुग्न एउटै सडक प्रयोग गर्नेगरी शिव सर्किट निर्माण गरिएको हो । बागमती प्रदेश सरकारले प्राचीन धार्मिक र सांस्कृतिक सम्पदालाई पुनर्जीवन दिने उद्देश्यका साथ 'शिव सर्किट परियोजना' अगाडि बढाउने तयारी गरेको छ । प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयले लामो अनुसन्धानपछि यो परियोजनाको अवधारणा सार्वजनिक गरेको हो । मन्त्रालयमा आयोजित एक विशेष कार्यक्रममार्फत् भौतिकमन्त्री अमनकुमार मास्केले शिव सर्किट परियोजनासम्बन्धी अवधारणा प्रस्तुत गरेका थिए । यो परियोजना नेपालको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाको संरक्षणसँगै धार्मिक पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण हुने विश्वास गरिएको छ । परियोजनाको मूलआधार प्राचीन वैदिक, हिन्दू र बौद्ध वाङ्मयमा उल्लेखित 'हिमवत्खण्ड'मा वर्णन गरिएका ६४ शिवलिङ्ग तथा तीर्थस्थलहरु हुन्, जसले बागमती प्रदेशका अधिकांश जिल्ला समेट्छ । 'हिमवत्खण्ड' स्कन्दपुराण अन्तर्गतको एक खण्ड हो, जसमा वर्तमान बागमती प्रदेशका सिन्धुली, दोलखा, रसुवा, धादिङ, मकवानपुर, नुवाकोट, काभ्रे, ललितपुर, भक्तपुर, र काठमाडौं जिल्लाभित्र रहेका ६४ शिवलिङ्गहरुको वर्णन गरिएको छ । सिन्धुलीको कुशेश्वर क्षेत्रबाट सुरुभई पशुपतिनाथमा टुङ्गिने यो प्राचीन पदमार्गमा शिवलिङ्ग मात्र होइन, तपोभूमि, पवित्र नदी तथा तीर्थस्थलहरु पनि समेटिएका छन् । १५औं शताब्दीदेखिका हस्तलिखित ग्रन्थहरुमा यी स्थलहरुको पठन-पूजन परम्पराले यसको ऐतिहासिक महत्वलाई अझ स्पष्ट बनाउँछ । परियोजना केवल धार्मिक महत्व बोकेको नभई, प्रदेशको सामाजिक-आर्थिक विकासमा समेत टेवा पुऱ्याउने बताइएको छ । धार्मिकपदयात्रा परम्परालाई पुनर्जीवन दिँदै यो परियोजना पर्यावरणमैत्री र जनमैत्री बन्ने दाबी प्रदेश सरकारको हो । परियोजना बहुयातायात विकल्पमा आधारित हुनेछ ।

पदयात्रा मार्ग, साइकल मार्ग, मोटर सडक, केबलकार लगायत माध्यममार्फत् विभिन्न वर्ग र उमेरका तीर्थयात्री तथा पर्यटकलाई सहज बनाउने सोच राखिएको छ । शिव सर्किट परियोजना स्थानीय स्रोत, सीप र प्रविधिको अधिकतम प्रयोगसहित स्थानीय समुदायलाई सहभागी गराएर कार्यान्वयन गरिनेछ । यसबाट रोजगारी सिर्जना, उत्पादन र बजार विकास, सीप हस्तान्तरण लगायत क्षेत्रमा योगदान हुने मन्त्रालयको विश्वास छ । प्रदेश सरकारले यो परियोजनालाई आगामी वर्षदेखि चरणबद्धरुपमा लागू गर्ने योजना बनाएको छ । प्राचीन धार्मिक पदमार्गको पुन:स्थापना गर्दै पर्यटन विकास र स्थानीय समृद्धिमा योगदान पुऱ्याउने 'शिव सर्किट परियोजना' प्रदेशका लागि दीर्घकालीन उपलब्धि बन्न सक्ने आशा गरिएको छ । खासगरी साउन महिनामा शिवालय धाउने भक्तजनका लागि यो परियोजना बढी प्रभावकारी देखिन्छ । शिव सर्किटलाई ब्यवस्थित गर्न सकेको खण्डमा भारतीय धार्मिक पर्यटकका लागि पनि आकर्षित गर्न सकिने अवस्था छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन ३ गते शनिबार १९ जुलाई २०२५ । नवमी, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:२१, सूर्यास्त ६:५८ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# 'संघीयताबाट जनताले के पाए ? अब बहस हुनुपर्छ'



✍ डा. आनन्दमोहन भट्टराई

संघीयता केवल इतिहासको संयोग होइन, बरु सार्वभौम जनताले सोची-सम्झी, पर्याप्त छलफल गरी, फाइदा-बेफाइदा हेरी कता जाँदैछौं भन्ने बुझेर तय गरिएको मार्ग हो भनिन्छ । संविधानसभामा यसबारे पर्याप्त छलफल हुनुपर्ने थियो, दुर्भाग्यवश सो हुन सकेन । जुन मुलुकहरू संघीयतामा गएका छन्, तिनीहरूको अध्ययन गर्दा अधिकांश ठूला मुलुक छन् र संघीयतामा जानुमा केही अपरिहार्य कारणहरू रहेको देखिन्छ । उदाहरणको लागि संयुक्त राज्य अमेरिका, भारत, अष्ट्रेलिया वा स्विजरल्यान्ड जस्ता देशहरूमा स्पष्ट कारणहरू भेटिन्छन् । त्यस्तै स्थिति अन्य कैयौं मुलुकहरूको छ । हाम्रो मुलुकको सन्दर्भमा विचार गर्दा र मलाई यदाकदा संघीयतामा जानु कतै अपरिहार्यता बेगरको संयोग पो बन्यो कि भन्ने लाग्छ ।

स्पष्टै छ, विस्तृत शान्ति सम्झौता गरिँदा संघीयताको कुरा गरिएको थिएन । सम्झौतामा केवल राज्यको अग्रगामी पुनर्संरचना, अग्रगामी आर्थिक सामाजिक परिवर्तन, अग्रगामी राजनीतिक निकास, लोकतान्त्रिक, पुनर्संरचना, आर्थिक-सामाजिक-सांस्कृतिक रुपान्तरण जस्ता शब्दावलीहरू प्रयोग भएका थिए । संघीयताको विषयलाई पहिलो पटक मधेश आन्दोलनले दह्रोसँग उठायो र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग गरिएको सम्झौतामा 'नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ' भनियो । तत्पश्चात् अन्तरिम संविधानमा पहिलो संशोधन गरेर लोकतान्त्रिक संघीय प्रणाली सहितको पुनर्संरचना गरिने र पुनर्संरचना गर्नको लागि सुझाव दिन बीचमा एउटा उच्चस्तरीय आयोग गठन गर्ने त्यसको प्रतिवेदनपश्चात संघीय शासन प्रणालीको स्वरूपसम्बन्धी विषयको अन्तिम टुङ्गो संविधान सभाले निर्धारण गरेबमोजिम हुने भनियो ।

अर्थात् आयोगको प्रतिवेदन आएपछि त्यसको विस्तृत काम गर्ने भन्ने कोणबाट अन्तरिम संविधानमा संघीयताको व्यवस्था राखियो । ज्ञातव्य छ, सो आयोग बनेन । तत्पश्चात् संविधानसभाको पहिलो बैठकले नेपाललाई संघीय गणतन्त्रात्मक राज्य भनी घोषणा गऱ्यो र संविधानसभाभित्रै एउटा 'राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समिति' गठन गरी कामहरू भए । सो समितिले प्रस्तावित रूपमा १४ वटा र ६ संघीय प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र सहितको सुझाव र प्रारम्भिक मस्यौदा समेत राखी प्रतिवेदन पेस गऱ्यो । तर जाहेरै छ संविधानसभा बन्नुपूर्व वा संविधानसभाभित्र संघीयतामा जानुको कारण, यसको स्वरूप, शक्तिको विभाजन आदि विषयमा घनिभूत छलफल नै भएन । अहिले फर्केर हेर्दा संविधानमा, संघीय व्यवस्था गर्नुको कारण के होला भनी हेर्दा अनेकौं कारण देखाउन सकिन्छ । मलाई एउटा कुरा लाग्ला, अरूलाई अर्को कुरा लाग्ला । तर संविधानमा चाहिँ कारण के देखाइयो ? त्यो महत्वपूर्ण हो ।

यस सन्दर्भमा म वर्तमान संविधानको प्रस्तावनाबाट कुराहरू राख्न चाहन्छु । संविधानमा संघीयतामा जानुका यी कारणहरू हुन् त भनिएन तर प्रस्तावनामा नेपाली जनतालाई पिरोलिरहेका विषयहरूको उल्लेख गर्दा 'विभेद र उत्पीडन', 'जातीय छुवाछुत'को कुरा गरियो । यी कुराहरूको साथै नेपाली समाजको विविधतायुक्त विशेषता, समावेशिता, सहभागितामा जोड दिँदै "समतामूलक समाज"को निर्माण गर्ने परिकल्पना गरिनुको साथै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा संविधानले राख्यो । यसरी हेर्दा के देखिन्छ भने प्रस्तावनामा उल्लिखित विभिन्न कारणमध्ये विभेदको पीडाले संघीयताप्रति आकर्षण बढायो । जातीय छुवाछुतलाई पनि विभेदको चरम बिन्दुको रूपमा लिन सकिन्छ । हामी सबैलाई लज्जित बनाउने त्यो तहको छुवाछुत हाम्रो मुलुकमा छ । उत्पीडनलाई पनि त्यसरी नै हेर्न सकिन्छ ।

त्यसैले विभेद, छुवाछुत र उत्पीडन यी तीनवटा समस्याहरू संविधान निर्माणमा मिसिएर आउँछन् । तर के यी समस्याहरूको सम्बोधन गर्ने संघीयता मात्र एउटा उपाय हो ?ह अर्को कुरा, संघीयता एउटा सेवा प्रदान गर्ने माध्यम हो वा यात्राको अन्तिम विन्दु हो ? के तत्कालको समाजले यी विभेदहरूलाई अन्त्य गर्ने सन्दर्भमा रोजेको निर्विकल्प उपाय संघीयता हो ? यहाँ एउटा संशय स्वाभाविक रूपले मनमा पैदा हुन्छ । मैले सन्दर्भग्रन्थ अध्ययन गर्ने क्रममा २०६६ सालको "राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँट समिति"को प्रतिवेदन हेरेँ । सो प्रतिवेदनमा संघीयताको विषयमा गहिराइमा गएर परिस्थितिको विश्लेषण गरिएको छैन ।

अर्को शब्दमा, त्यो प्रतिवेदन धेरै उत्साहजनक छैन । फलानो देशमा यस्तो संघीयता छ, अर्को देशमा यस्तो संघीयता छ भन्ने जस्ता सामान्य विवरणात्मक कुराहरू सो प्रतिवेदनमा छन् । प्रतिवेदनले पहिचान र सामर्थ्यलाई आधार गरेर १४ वटा र ६ वटा प्रदेशहरूको विकल्प दिएको छ । मेरो विचारमा संघीयता राजनीतिक मात्र कुरा होइन, त्यसका सामाजिक र सांस्कृतिक पक्ष पनि हुन्छन् । राजनीतिक कुरा नै गर्दा पनि न नेपालमा अलग-अलग राज्यहरू मिल्न खोजेको अवस्था हो, न त देशको कुनै भूभाग अलगिन खोजेको अवस्था हो, न त अर्को कुनै मुलुकले आक्रमण गर्न खोजी मुलुकको सुरक्षामा नै चुनौती परेको अवस्था हो । हाम्रो समस्या भनेको र विभेद, उपेक्षा, बञ्चितीकरण, तथा जनताले राज्य संरचनामा सहभागिता र पहिचान खोजेको अवस्था हो । संविधानसभा वा यसका समितिमा संघीयताको सैद्धान्तिक पक्ष, संघीयता भएका मुलुकहरूमा देखिएका सकारात्मक र नकारात्मक आयामहरू, संघीयताका सामाजिक, सांस्कृतिक आधारहरूका बारेमा गहिरो अध्ययन नहुनुको साथै ऐतिहासिक, सांस्कृतिक, बौद्धिक तथा दार्शनिक बहसलाई राम्रोसँग हेरेर संघीयता आत्मसात गरेको नहुँदा यो विषयको निर्णय हतार-हतारमा वा आवेग-संवेगको चेपमा परेर गरियो कि भन्ने लाग्छ ।

यसरी हेर्दा प्रतिवेदनमा र संविधान सभामा संघीयतालाई एउटा सकिइसकेको कार्य जस्तोगरी लिइएको देखिन्छ । मैले फेट एक्म्प्ली के अर्थमा भनेको भने मधेश आन्दोलनले एउटा कुरो भन्योह हामी संघीयतामा जान्छौं भनेर अन्तरिम संविधानमा घोषणा पनि गरिहालियोह संविधानसभाको पहिलो बैठकले पनि त्यही कुरा गऱ्योह राज्यको अग्रगामी पुनर्संरचना गर्ने कुरा भैरहेको छह त्यसैले अब संघीयता चाहिँदैन भन्यो भने पश्चगामी भइन्छ कि भन्ने पिरलो पनि राजनीतिक वृत्तमा परेको हो कि भन्ने पनि लाग्छ । त्यसैले संघीयताको अनुमोदन एउटा अनिवार्य विषय हो भन्ने मनस्थिति बनाउँदै कतिवटा प्रदेश बनाउने ? स्वायत्त क्षेत्र कति बनाउने ? विशेष क्षेत्रहरू कति बनाउने ? त्यसतर्फ मात्र समितिको ध्यान गएको देखिन्छ । अर्थात्, संविधान सभा भित्रको समितिले संघीयतामा जाने-नजाने विषयलाई खुला राखेर काम गरेको देखिँदैन । त्यसैले हामीलाई यो प्रतिवेदनले धेरै मद्दत गर्दैन ।

### विचारै नगरिएका पक्षहरू के हुन् ?

संघीयता भएका मुलुकहरूमा संघीय संसदहरू द्विसदनात्मक हुन्छन् । जसले संघीयतालाई स्वीकारेका छन्, माथिल्लो सदनलाई चाहिँ प्रदेशको सदनको रूपमा लिएका छन् । यसको उपयुक्त उदाहरण जर्मनीको बुन्डेस्राटले दिन्छ । जर्मनीको माथिल्लो सदन बुन्डेस्राटले साँच्चै नै प्रान्तको प्रतिनिधित्व गर्छ । जस्तो संवैधानिक अदालतमा न्यायाधीशको नियुक्तिमा उनीहरूले ब्लक भोटिङ गर्छन् । मानिलिनुस् वायरनले म फलानो प्रोफेसरलाई संवैधानिक अदालतको न्यायाधीशको लागि मत दिन्छु भन्यो भने वायरनका प्रतिनिधिहरू सबैले एकै मत जाहेर गर्छन् । हाम्रो राष्ट्रिय सभामा प्रदेश र स्थानीय प्रतिनिधिहरूले चुनेका प्रतिनिधिहरू आउँछन् । तर मनसा, बचसा र कर्मणा कुनै पनि रूपमा राष्ट्रिय सभाले प्रदेशको प्रतिनिधित्व गर्दैन, सदस्यहरूले पनि आफ्नो प्रदेशको भन्दा आफ्नो दलको प्रतिनिधित्व गर्छन् ।

मलाई लाग्छ, यो पाटोमा बहस हुनुपर्ने थियो । साथै सामान्यतया: माथिल्लो सदनमा उपराष्ट्रपतिको भूमिका हुन्छ तर हामीले सो गरेनौं र आज उपराष्ट्रपति भूमिकाविहीन अवस्थामा हुनुहुन्छ । अर्को हो क्षेत्राधिकारसम्बन्धी सूचीको कुरा । संविधानमा संघ र प्रदेशको साझा सूची छ । अनि संघ, प्रदेश र स्थानीय तहको पनि साझा सूची छ । तर प्रदेश र स्थानीय तहको साझा सूची छैन । अर्थात्, प्रदेशको क्षेत्राधिकारभित्र प्रदेशले र स्थानीय तहले मात्रै हेर्ने कुरा हुन सक्छन् भनेर संविधानमा परिकल्पना गरिएको देखिँदैन । प्रदेश र स्थानीय तहको सम्बन्ध हेर्दा पनि स्थानीय तहले प्रदेशलाई वास्ता नगरे हुने खालको छ । एउटा त, प्रदेशले स्थानीय तहको केही बिगार्नै सक्दैन । बरु कुनै प्रदेशले नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रियता वा स्वाधिनताको विरुद्ध काम गरेको देखेमा संघीय सरकारले प्रदेश सरकार निलम्बन वा विघटन पनि गर्नसक्छ । तर स्थानीय तह त स्थायी हुन्छह यसलाई संघीय वा प्रदेश सरकारले विघटन गर्न सक्दैन ।

दोस्रो, स्थानीय तहको बजेट पनि प्रदेशमार्फत आउँदैन । प्रदेशले आफूसँग रहेको वा आफूलाई आएकोमध्ये केही अनुदान स्थानीय तहलाई दिने कुरा अर्कै हो, तर स्थानीय तहको बजेटमा प्रदेशको प्रत्यक्ष भूमिका हुँदैन ।

तेस्रो पक्ष पनि छ । संघले प्रदेश र स्थानीय तहलाई निर्देशन दिनसक्छ । तर संविधानमा प्रदेशले स्थानीय तहलाई निर्देशन दिने र स्थानीय तहले मान्ने कुरा प्रष्ट लेखिएको छैन । बरु प्रदेश र स्थानीय तहबीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेशले स्थानीय तहसँग समन्वय गरी विवाद समाधन गर्नेसम्मको कुरा छ ।

सिद्धान्तत: संघीयतायुक्त संविधानको मूलभूत विशेषता भनेको साम्यताको सिद्धान्त हो । यसको स्पष्ट अवधारणा के भने तल्लो तहले गर्नसक्ने काम जति तल्लै तहले गर्न पाउनुपर्छ । तल्लो तहले नसकेको माथिल्लो तहले गर्ला, त्यसले पनि नसकेको संघीय तहले हेर्छ । त्यसले गर्दा संघीय तहमा कामहरू कम हुन्छन् भनिन्छ । 'डिभोलुसन' शब्दको प्रयोग त्यसैले भएको होला । हाम्रो संविधान निर्माणमा यो सिद्धान्तलाई पटक्कै अनुशरण गरिएको देखिँदैन । अनुसूची ५ यति लामो छ कि यसमा ३४ वटा विषय राखिएका छन् । त्यतिले नपुगेर संघ प्रदेश र स्थानीय तहको साझा सूचीमा उल्लेख नभएको कुनै विषय, त्यसैगरी संविधान र संघीय कानुनमा उल्लेख नभएका सबै विषयको अधिकारहरू संघीय तहमा राखिएका छन् । त्यसैले संविधान निर्माण गर्दा 'प्रिन्सिपल अफ सब्सिडियारिटी' लाई राम्रोसँग हेरिएन वा हेर्न चाहिएन भन्ने देखिन्छ ।

### न्यायपालिकाको संरचना

जहाँसम्म न्यायपालिकाको संरचनाको कुरा छ, संघीयताको सन्दर्भमा हेरिनुपर्ने कुरा न्यायपालिकालाई न्यायिक पुनरावलोकनको अधिकार छ वा छैन भन्ने हो । हाम्रो हकमा २००७ सालदेखि नै सर्वोच्च अदालतले संवैधानिक अदालतको रूपमा काम गरेको र २०४७ सालपछि न्यायिक पुनरावलोकनको अधिकार रहे भएकै हुँदा मुलुकले संघीयता अङ्गिकार गरे पनि विकसित र धनी मुलुकहरूमा जस्तो संघीय र राज्य अदालतको दुई तह वा महाद्विपीय युरोपमा जस्तो संवैधानिक अदालत आवश्यक छैनह न्यायपालिका निरन्तरतामा काम गर्ने संस्था हुँदा एकीकृत अदालतकै रूपमा न्यायिक संरचना राखिनुपर्छ भन्ने अदालतको मान्यता रह्यो ।

संविधान निर्माणको क्रममा पहिलो संविधानसभा रहँदा म आफैं न्यायाधीश समाजको महासचिव थिएँ । संविधानसभाले जसरी न्यायपालिकालाई हेर्न थाल्यो र संवैधानिक अदालतको कुरा उठ्यो, त्यसबाट न्यायिक क्षेत्रमा निकै तरंग पैदा भयो । नेपाल बार एसोसिएसनले विमति राख्यो, न्यायपालिकाले पनि विरोध गऱ्यो । न्यायाधीश समाज त क्षेत्रीय गोष्ठीहरू गरी प्रस्तावहरू पारित गर्दै डेलिगेसनमै समेत गयो । साथै न्यायपालिकाको नेतृत्व तहले त्यतिखेरको राजनीतिक नेतृत्वलाई भेटी न्यायपालिकाको संरचना सम्बन्धमा कुरा पनि राख्यो । हाम्रो आशय हामीलाई पटकपटक प्रयोगको विषय नबनाउ भन्ने थियो । वस्तुत: हाम्रो सर्वोच्च अदालत त २००७ सालदेखिकै संवैधानिक अदालत हो । त्यसैले पनि अहिलेकै व्यवस्थालाई निरन्तरता दिनुपर्छ भन्ने हाम्रो मत थियो । समयले हामी ठिक रहेछौं भन्ने देखाएको छ । कार्यपालिका र व्यवस्थापिका तथा तहगत संरचनाहरूको कारण राज्यको खर्च अथाह रूपमा बढ्दा न्यायपालिकाको खर्च भने त्यसरी बढेको छैन । यो १० वर्षमा मुद्दाको चाप करिब तीन गुना बढ्दा पनि बजेट भने ०.५ प्रतिशत पनि छैन ।

मेरो मान्यता के हो भने संघीयतालाई लोकतान्त्रिक विधिले सञ्चालन गर्ने कुरा सुनिश्चित गर्न सर्वोच्च अदालत वा संवैधानिक अदालतका व्यवस्था भएका हुन् । जे भए पनि त्यसको चुरो कुरा भनेको सबै तहका कार्यकारिणी र व्यवस्थापकीय कार्यको परीक्षण गर्नसक्ने न्यायिक पुनरावलोकन नै हो । विद्यमान संरचनामा सो कुरा छ भने क्रमभंङ्गताको खोजीमा न्यायिक संरचनालाई बिगार्नु हुँदैन । फेरि न्यायपालिकाका आ-आफ्नै विशेषताहरू हुन्छन् । उदाहरणको लागि युरोपका संवैधानिक अदालतहरूले एब्स्ट्र्याक्ट र कङ्क्रिट रिभ्यू गर्छन् । यो एक किसिमको न्यायिक पुनरावलोकन हो । यसमा ऐन बन्नुपूर्वको न्यायिक पुनरावलोकन अर्थात् प्रिइनेक्टमेन्ट एब्स्ट्र्याक्ट रिभ्यू पनि हुन्छ र ऐन बनेपछि निश्चित समयभित्र पुनरावलोकन अर्थात् पोस्ट इनेक्टमेन्ट एब्स्ट्र्याक्ट रिभ्यू पनि हुन्छ । त्यसैगरी मुद्दा मामिलाको रोहमा गरिने कन्क्रिट रिभ्यू पनि हुन्छ । हामीकहाँ एब्स्ट्र्याक्ट रिभ्यूको अवधारणा प्रचलनमा थिएन ।

त्यसैले हामीले गर्ने पुनरावलोकन भनेको कन्क्रिट रिभ्यू नै हो । यो रिभ्यू सम्बन्धित पक्षले वा सार्वजनिक सरोकारको विवादको रूपमा सो विषयमा अर्थपूर्ण सरोकार राख्ने व्यक्तिले गर्छ । २०४७ सालको संविधानमा धारा ८८(५) मा सर्वोच्च अदालतको परामर्शजन्य भूमिका राखिएको थियो, जुन प्रावधान हामीले २०६३ सालको अन्तरिम संविधान र अहिलेको संविधानमा राखेनौं । अहिले फर्केर हेर्दा कतै त्यो जरुरत पर्थ्यो कि ? अझ संघीयताको सन्दर्भमा झनै जरुरत थियो कि ? यो कुरा पनि मेरो मनमा छ । त्यसो गरेको भए फटाफट असंवैधानिक कानुनहरू बन्ने कुरालाई सर्वोच्च अदालतले त्यतिखेरै रोक्ने र मुलुक एउटा नयाँ बाटोबाट हिँड्न पाउथ्यो कि ?

### समावेशिता, सकारात्मक विभेद, समन्याय र संघीयता

समावेशिता नेपाली संविधानभित्रको सबभन्दा मिठो धुन हो । मैले 'सिग्नेचर टोन अफ द कन्स्टिट्युसन' भन्ने गरेको छु । किनभने, दक्षिण एसियामा नेपाल नै पहिलो मुलुक हो, जसले समावेशी लोकतन्त्रलाई स्वीकार मात्रै होइन, व्यवहारमा लागु गर्न खोजेको छ । हामीले समावेशी अवधारणालाई विभेदको सशक्त प्रतिवादको रूपमा लिन सक्छौं । समावेशिता प्रतिनिधित्व त हो नै, सकारात्मक विभेद पनि हो । समावेशिताले सहभागीमूलक लोकतन्त्रलाई पनि प्रवर्धन गर्छ । समावेशिताले प्रतिनिधित्व, सकारात्मक विभेद, विकास प्रक्रियामा सहभागिताको विषयलाई थप बलियो बनाउँछ । तर समावेशिता र समन्यायको कुरा गर्दा पनि संघीयता अपरिहार्य बन्दैन । समन्यायको सम्बन्ध कारबाहीमा स्वच्छता र पारदर्शितासँग छ भने समावेशिताको सम्बन्ध निर्णय प्रक्रियामा र प्रतिफलको वितरणमा सहभागितासँग छ । संघीयतालाई सेवा प्रवाहको माध्यम मान्ने हो भने हामी संघीयताबेगर पनि विकास र समृद्धिको संवैधानिक लक्ष्य हासिल गर्न सक्छौं ।

### बजार र बदलिँदो विश्व परिवेश

बजार संघीयताको सन्दर्भमा विचार गर्नुपर्ने अर्को सैद्धान्तिक विषय हो । हाम्रो संविधानले बजार अर्थतन्त्रलाई स्वीकार गरेको छ । तर बजारले आकार पनि खोज्छ । अन्तर्राष्ट्रिय व्यापार, ठूला उद्योग र व्यवसायका सन्दर्भमा नेपाल आफैं सानो बजार हो । त्यो सानो बजारलाई हामीले प्रदेश र स्थानीय तहका संरचनामार्फत खण्डित बनायौं भने बजार सञ्चालन गर्न सजिलो हुँदैन । अर्कै सन्दर्भमा एच.एल.ए. हार्टले कानुनको ब्यारियर इफेक्टको कुरा गरे तापनि व्यवधानहरू सिर्जना गर्ने सन्दर्भमा ब्यारियर इफेक्टको कुरा यहाँ पनि लागु हुन्छ कि भन्ने देख्छु । किनभने एक प्रदेशबाट अर्को प्रदेशमा बजार पुऱ्याउन प्रदेश-प्रदेशको अड्चन पार गर्नुपर्ने भयो । हरेक प्रदेशमा करजन्य वा अन्य तगारो खडा गरिएपछि कसरी काम होला ? बजारको दृष्टिकोणबाट हेर्दा संघीयता कति उपयुक्त अथवा अनुपयुक्त ? यो पनि एउटा छलफल नगरेको सैद्धान्तिक पक्ष हो जस्तो मलाई लाग्छ ।

सूचना प्रविधि, कृत्रिम बौद्धिकताको बढ्दो प्रयोग, वातावरण र जलवायु परिवर्तनका मुद्दाहरूले हामीलाई खण्डित सोच राख्न दिँदैनन् । विद्यार्थी हुँदा मैले वनजन्य विषयलाई स्थानीय मामिला भनेर पढेको थिएँ । त्यतिखेर प्रदूषण पनि स्थानीय विषय भनेर बुझिन्थ्यो । जैविक विविधता क्षेत्रीय विषय भनेर मानिन्थ्यो । तर अब यी सबै अन्तर्राष्ट्रिय मुद्दा भए । यो वर्ष वनजन्य मामिलामा विश्वव्यापी रूपमा समस्या आएको छ । सन् २०२४ मा संसारमा सबैभन्दा बढी आगलागी र डढेलोका घटना भए । अर्कोतर्फ पछिल्ला केही वर्षमा कृषि र औद्योगिकीकरणले वनजंगलको क्षेत्र अभूतपूर्व रूपमा संकुचन भएर आएको छ । यी विषयमा हाम्रो भूमिका कम छ । तर कैयौं घटनाको सिकार हामी भइरहेका छौं । जुन विषय मुलुककै लागि स्थानीय छैनन्, ती विषय संघीय, प्रदेश वा स्थानीय तहको भनी संविधानमा लेखेर अर्थ रहँदैन ।

### राष्ट्रिय सरोकारको विषय तथा एकात्मकतातर्फको ढल्काइ

वर्तमान संविधानमा राष्ट्रिय सरोकारको विषयबारे व्यवस्था छ । अमेरिकी संविधानमा राष्ट्रिय सरोकारको विषयमा कुनै कुरा उल्लेख गरिएको थिएन । तर न्यायपालिकाले राष्ट्रिय सरोकारको विषयमा संघीय कानुन बन्न सक्छ भनेर ब्याख्या गरेको छ । हाम्रो संविधानमा यी कुराहरू चाहिँ परेका छन् । तर कति छलफल गरेर पऱ्यो अथवा त्यसै पऱ्यो ? हेर्न बाँकी छ । राष्ट्रिय सरोकारका विषयमा संघले कानुन बनाउन सक्ने कुरा र अवशिष्ट अधिकारको कुराले संविधानलाई एकात्मकतातर्फ राम्रैसँग ढल्काउँछ । अर्थात् संघीय भन्दाभन्दै पनि हाम्रो संविधानलाई एकात्मक संघीयता भन्नुपर्ने अवस्था छ । यो नराम्रो हो भन्ने मेरो भनाइ होइन तर के कति सैद्धान्तिक स्पष्टताका साथ यो कुरा राखियो भन्ने मात्र मेरो प्रश्न हो ।

हाम्रो संविधानमा रहेको संघीयतालाई एकात्मक संघीयता, कोजाई फेडरालिज्म वा नोमिनल फेडरालिज्म जे पनि भन्न सकिन्छ । यथार्थ के हो भने मुलुकलाई एकात्मकतातर्फ ढल्काउने थुप्रै व्यवस्थाहरू संविधानमा राखिएका छन् । अवशिष्ट अधिकार आफ्नै ठाउँमा भयो । धारा ५९(६)मा प्रदेशले सोझै वैदेशिक सहायता र ऋण लिन नपाउने, संघीय सरकारको अनुमति लिनुपर्ने व्यवस्था पनि छ । संविधानको धारा ५९(७) मा 'स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने' भन्ने व्यवस्था छ, जसले संघीय कानुनको हात माथि पर्ने मौका दिएको छ । धारा ६०(१) मा प्रतिबन्धात्मक वाक्यांश छ, जसमा 'साझा सूची भित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेको विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुनेछ' भनेर संघीय सरकारलाई नै अधिकार दिएको देखिन्छ ।

धारा १६२ (४) को प्रतिबन्धात्मक वाक्यांशमा 'तर संघ र प्रदेशको साझा अधिकारको विषयमा विषयका सम्बन्धमा यो संविधान र संघीय कानुनमा स्पष्ट उल्लेख भएकोमा बाहेक प्रदेश मन्त्रिपरिषद्को कार्यकारिणी अधिकारको प्रयोग गर्दा नेपाल सरकारसँग समन्वय गरी गर्नुपर्नेछ' भनेर काठमाडौंको मुख ताक्न, प्रदेशलाई बाध्य पारिएको छ । धारा २३२(२) मा पनि त्यस्तै कुरा छ । प्रदेशहरूबीच समन्वयको नाममा पनि केन्द्रले अधिकार प्रयोग गर्नसक्ने व्यवस्था संविधानमा छ । प्रदेश विघटन भएको बेलामा संघीय सरकारले कुनै कानुन बनायो भने प्रदेशले त्यो कानुन म मान्दिनँ भनेको अवस्थामा बाहेक कायमै रहने भयो । यसले पनि संघीयता स्पष्ट रूपमा नआई खज्मजिएको अवस्थामा संविधानमा राखिएको देखिन्छ ।

### राजनीतिक दल र संघीयता

हाम्रो मुलुकमा जस्तो खालका राजनीतिक दलहरू छन्, जुन विचार र सिद्धान्तको आधारमा गठन भएको भनिए पनि ती सबैको स्वरूप एकात्मक छ । संविधानको धारा २६९ मा राजनीतिक दलको विधान लोकतान्त्रिक हुनुपर्छ भनेको छ । विधान लोकतान्त्रिक पनि होला, व्यवहार कति लोकतान्त्रिक छ त्यसमा भने प्रश्न गर्ने ठाउँ छ । हाम्रोमा क्षेत्रीय दल विकास भइसकेका छैनन् र हुनसक्ने सम्भावना पनि देखिँदैन । यो पृष्ठभूमिमा र संघमा राखिएका अधिकारहरूको सूची हेर्दा नाम मात्रैको संघीयता वा केन्द्रीय राजनीतिबाट दूषित संघीयता रहन सक्ने देखिन्छ । यस्तो संघीयता सुशासनको दुश्मन हुन्छ, त्यसैले पनि यसबारेमा खुला बहस जरुरी देखिन्छ ।

### संघीयता लागु भएपछि देखिएका समस्या

संघीयता लागु भएपछिको १० वर्षको स्थितिलाई हेर्दा सबैभन्दा ठूलो समस्या भनेको राजनीतिक अस्थिरता नै हो । यो संघमा पनि छ र प्रदेशमा पनि छ । काठमाडौंमा सरकार अस्थिर हुनासाथ प्रदेशका सरकारहरू तासको घर ढले जस्तै ढल्छन्, यो हामीले देखेकै कुरा हो । सर्वोच्च अदालतको पटकपटकको हस्तक्षेपबाट मध्यावधिमा जाने कुरामा समेत पार्टीहरू हिच्किचाउने स्थिति बनेको छ । संघीयता फस्टाउन कि काठमाडौं स्थिर हुनुपर्छ वा काठमाडौंको अस्थिरतासँग मतलब नराख्ने संघीयता विकास हुन सक्नुपर्छ । राजनीतिक दलहरूको व्यवहारले त्यस्तो देखाउँदैन र यसमा परिवर्तन हुने स्थिति पनि देखिँदैन । अत्यधिक कर अर्को समस्या हो । यो प्रदेश र स्थानीय तहमा छ । जनताले करको अनावश्यक भारी बोक्नु परेको छ ।

*(साभार: अनलाइनखबर)*

# मेडिकल काउन्सिलको लेटरप्याड दुरुपयोग गरी डाक्टरी लाइसेन्स परीक्षा पास




काठमाडौं/सरकारी लेटरप्याडमै डाक्टरी लाइसेन्स परीक्षा उत्तीर्ण भएको जानकारी पाए पनि चिकित्सक दर्ता नम्बर नपाउँदा पेसागत यात्रा अन्योलमा परेको भन्दै एक विद्यार्थीले गुनासो गरेका छन् । डाली युनिभर्सिटी चीनबाट एमबीबीएस उत्तीर्ण गरेका सीडी भुसालले दर्ता नम्बर नपाएको भन्दै नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. चोपलाल भुसाललाई निवेदन दिएका छन् ।

सीडी भुसाल पुतली सडकमा रहेको स्पिड इन्टरनेसनलमार्फत चीनको डाली युनिभर्सिटीबाट एमबीबीएस गरेर आएका थिए । १४ पटकसम्म फेल भएपछि स्पिड इन्टरनेसनलका पदाधिकारी मिलन ज्ञवालीकै संयोजनमा पुन: फाराम भरेर पुनर्योगको परीक्षा दिँदा २८ कात्तिक २०८१ को नतिजामा उत्तीर्ण भएको भुसालको दाबी छ ।

तर, भुसालले जब काउन्सिलको वेबसाइटमा रिजल्ट हेरे, उनी अझै पनि अनुत्तीर्ण नै देखिएका थिए । त्यसपछि पुन: रजिस्टार डा. सतीशकुमार देवलाई भेट्न जाँदा भेट हुन नसकेको र त्यसपछि आफू अलमलमा परेको विवरण निवेदनमा उल्लेख गरिएको छ । 'स्पिड इन्टरनेसनलका पदाधिकारी मिलन ज्ञवालीले पुनर्योग गर्न सुझाव दिनुभयो र उहाँले नै पुनर्योग फाराम भर्ने जिम्मा लिनुभयो । २८ कात्तिकमा पुनर्योगको रिजल्टमा उत्तीर्ण भएको समेत पत्र समेत दिनुभयो,' निवेदनमा भनिएको छ, 'यो पत्र कहाँबाट प्राप्त भयो भन्दा रजिष्ट्रार डा. सतीश देवले दिनुभएको भन्नुभयो, साथै सिस्टममा रिजल्ट उहाँले राखिदिनुहुन्छ भन्नुभएको थियो ।'

उत्तीर्णको प्रमाणस्वरूप काउन्सिलकै आधिकारिक लेटर प्याडमा रजिस्ट्रारको हस्ताक्षर र छापसहितको पास भएको पत्र समेत प्राप्त भएको उनले बताए । उक्त सुचनामा काउन्सिलको पुनर्योगको नतिजामा ८ जना विद्यार्थी पास भएको जानकारी समेत गराइएको छ ।

'१३ देखि १५ असोजसम्म भएको ७०औं चिकित्सक दर्ता प्रमाणपत्र परीक्षामा संलग्न भई प्रकाशित परीक्षाफलमा अनुत्तीर्ण भएका परीक्षार्थीहरूले पुनर्योगका लागि निवेदन दिएकोमा यस काउन्सिलको सम्बन्धित विभागले पुनर्योग गर्दा निम्न परीक्षार्थीहरु उत्तीर्ण भएको जानकारी गराइन्छ,' उक्त सूचनामा भनिएको छ । भुसालका अनुसार त्यसपछि बाँसबारीस्थित काउन्सिल कार्यालयबाट बारम्बार बोलाइए पनि दर्ता प्रक्रिया अगाडि बढाइएन ।

'रजिष्ट्रार डा. सतीश देवले 'सिस्टममा राखिदिन्छु' भने पनि त्यसपछिका दिनमा फोन उठेन, भेट सम्भव भएन,' भुसालले पत्रमार्फत गुनासो गरेका छन् । उनले आरोप लगाउँदै भनेका छन्, 'काउन्सिलका कर्मचारीले दिनभर कुराएर राख्ने काम मात्र गरे, तर औपचारिक प्रक्रिया पूरा गर्ने प्रयास गरेनन् ।' यस्तो अवस्थाले आफू मानसिक रूपमा विचलित भएको पनि उनले उल्लेख गरेका छन् ।

भुसालले यदि उक्त पत्र आधिकारिक हो भने तत्काल आफूलाई चिकित्सकको रूपमा दर्ता गर्न माग गरेका छन् । यदि उक्त प्रमाणपत्र अमान्य हो भने आफूलाई झुटा कागजात दिई ठग्नेसम्मको काम गरेको भन्दै दोषीमाथि कारबाहीको माग गरेका छन् । यस विषयमा संचारकर्मीले थप बुझ्न खोज्दा सीडी भुषालकी आमा देवकला भण्डारी सम्पर्कमा आइन् ।

उनका अनुसार छोरा सीडीले चिकित्सक दर्ता प्रमाणपत्रको लागि १४ पटकसम्म परीक्षा दिएका थिए । तर फेल भए । त्यसपछि स्पिड इन्टरनेसनलका पदाधिकारी मिलन ज्ञवाली पुनर्योगको सुझाव दिएका थिए । 'ज्ञवालीले पैसा हालेर पुनर्योगको फारम भरिदिनुभएको थियो,' भण्डारीले संचारकर्मीसँग भनिन्, 'पछि पास भएको जानकारी दिनुभएको थियो । तर लाइसेन्सका लागि दर्ता भएन ।'

भण्डारीका अनुसार छोरा चीनमा एमबीबीएस अध्ययन गर्दा ज्ञवालीसँग पैसाको लेनदेन भइरहन्थ्यो । 'छोरालाई पैसा पठाइदिन सहज हुने भएकाले हामीले ज्ञवालीलाई पैसा दिन्थ्यौं । उहाँको सहजीकरणमा पुनर्योग गरिएको थियो,' उनले भनिन् । लाइसेन्स परीक्षा पास गराउनका लागि लेनदेन भएको आंशका छ ? भन्ने प्रश्नमा भण्डारीले ठोस जवाफ दिन सकिनन् । उनले भनिन्, 'पैसाको विषयमा मलाई यस्तो थाहा छैन । ज्ञवाली सरले पुनर्योगका लागि मिलाउनु भएको थियो ।'

यस विषयमा संचारकर्मीले मेडिकल काउन्सिलका अध्यक्ष डा. चोपलाल भुसालसँग जिज्ञासा राख्दा उनले काउन्सिलमा उजुरी आएको पुष्टि गरे ।

यस विषयमा धेरै कुरा नगर्ने बताउँदै काउन्सिलका पदाधिकारी जोडिएकाले उजुरी उपर छानबिन गर्नका लागि केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) मा पत्र पठाएको जानकारी समेत दिए । 'उहाँहरूले काम गरिराख्नुभएको होला । थप कुरा उतै बुझ्नुहोस्,' डा. भुषालले संचारकर्मीसँग भने ।

काउन्सिलको उच्च स्रोतका अनुसार यो विषय गुपचुपमै सीआईबीलाई छानबिनका लागि पठाइएको थियो । 'यो विषयमा बोर्डका पदाधिकारीसँग कुनै छलफल नै भएको थिएन । सीआईबीलाई छानबिनका लागि पत्र पठाएको भन्ने कुरा केही समयपछि अनौपचारिक रूपमा सुन्नमा आएको छ,' काउन्सिल स्रोतले संचारकर्मीसँग भन्यो ।

स्पिड इन्टरनेसनलका पदाधिकारी मिलन ज्ञवालीसँग भने सम्पर्क हुन सकेन । त्यसपछि हामीले काउन्सिलका रजिष्ट्रार डा. सतीशकुमार देवसँग सम्पर्क गर्‍यौं । डा. सतीशले आफ्नो नाम जोडेर काउन्सिलमा उजुरी आएको बताए । तपाईंको हस्ताक्षर र काउन्सिलको लेटरप्याड लाइसेन्स परीक्षाको पास भएको जानकारी गराइएको छ नि भन्ने प्रश्नमा उनले त्यो कागज नक्कली भएको दाबी गरे ।

'उक्त पत्रमा लेखिएको नाम र रोल नम्बर कुनै पनि मिल्दैन,' डा. देवले भने, 'यस्तो कागज काउन्सिलको रजिष्ट्रारले दिने कुरा नै हुँदैन ।' यो विषयलाई सीआईबीले अध्ययन गरिरहेकाले समाचार प्रकाशन गर्न नहुने डा. देवको तर्क छ । 'यो विषयमा न्युजमा जानुपर्छ जस्तो लाग्दैन । ती मानिस पास त भएका छैनन् नि ।,' डा. देवले जिकिर गरे ।

*(स्रोत: अनलाइनखबर)*

# नीता अभिनीत 'रियाल रिङ्गेट'को ट्रेलरमा के छ ?



काठमाडौं/यही साउन १६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रियाल रिङ्गेट'को ट्रेलर सार्वजनिक गरिएको छ । साढे ३ मिनेटभन्दा लामो ट्रेलरमा रोजगारीको समस्याले खाडी मुलुक जानुपर्ने नेपाली युवाहरुको बाध्यता र विदेशमा उनीहरूले भोग्नुपरेको चरम यातनालाई मर्मस्पर्शी ढंगबाट देखाइएको छ । ट्रेलरले सहकारी ठगीको कथामा पनि फिल्म आधारित रहेको खुलासा गर्छ ।

ट्रेलर सार्वजनिक भए पश्चात् फिल्मका निर्देशक विभोर पोखरेलले 'रियाल रिङ्गेट' हरेक नेपालीको कथा भएको बताए । उनले भने, 'फिल्मले वैदेशिक रोजगारीमा गएका नेपाली युवाहरूले भोग्नुपर्ने यथार्थ र उनीहरूको जीवनशैलीलाई नजिकबाट चित्रण गर्नेछ ।'

यो फिलमको नाम 'रियाल रिङ्गेट' आफैंमा प्रतीकात्मक छ । 'रियाल' कतार र साउदी अरेबियाको मुद्रा हो भने 'रिङ्गेट' मलेसियाको मुद्रा हो । यी दुवै नामको संयोजनले नेपाली श्रमिकहरूको मुख्य गन्तव्य मुलुकहरूलाई सङ्केत गर्छ ।

फिल्ममा प्रमोद चौलागाईं, नीता ढुङ्गाना, छुल्ठिम डोल्मा गुरुङ, रवीन्द्र खड्का, ध्रुव कोइराला, प्रेम सुब्बा लगायतको अभिनय रहेको छ ।

गगनलाल प्रधानको लगानीमा बनेको यो फिल्मको लेखन प्रदीप भारद्वाजले गरेका हुन् । फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, हरि घलेको छायाङ्कन, विपिन मल्लको सम्पादन, किरण तुलाधरको ब्याकग्राउन्ड स्कोर, राजीव समरको कोरियोग्राफी तथा रामचन्द्र काफ्ले, किरण तुलाधर र चन्दन ध्वज केसीको सङ्गीत रहेको छ ।

# इलामबाट विल्सनले सुरु गरे 'मैझारो'को छायांकन



काठमाडौं/अभिनेता विल्सन विक्रम राईको निर्माण तथा निर्देशनमा बन्न लागेको फिल्म 'मैझारो'को छायांकन पूर्वी पहाडी जिल्ला इलामबाट सुरु भएको छ । बिहीबार क्यामेरा, स्क्रिप्ट र क्ल्याप पूजा गर्दै फिल्मको शुभ मुहूर्त गरेपछि अभिनेता धीरज मगरको पहिलो दृश्य खिचियो । इलाम र पाँचथर जिल्लामा फिल्मको एक महिना छायांकन हुने जनाइएको छ ।

विल्सन स्वयंको लेखन रहेको फिल्ममा धीरजसहित मिरुना मगर, दीया पुन, सुनिल थापा, कविता आले, पुस्कर गुरुङ, अभयराज बराल, उदय सुब्बा, बुद्धि तामाङ, रजनी गुरुङ, विशाल लिम्बू र सुभाष सिंह ठकुरी लगायतको अभिनय रहनेछ । फिल्ममा पूर्वी पहाडको जीवनशैली, संस्कृति र सामाजिक यथार्थतालाई देखाइने जनाइएको छ ।

तक्मे प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्मका गीतमा अनमोल गुरुङ र तोरेम्पा हाङ राईको संगीत छ भने राजेश पायल राई, अस्मिता अधिकारी, झुमा लिम्बू र अनमोल गुरुङको पार्श्व गायन रहेको छ । फिल्मका छायाँकार सौरभ लामा हुन् ।

'मैझारो'बाट फिल्म निर्देशनमा डेब्यु गर्न लागेका विल्सनले यसअघि केही सिरियल र म्यूजिक भिडियोको निर्देशन भने गरिसकेका छन् । उनले आफ्नो कम्पनी तक्मे प्रोडक्सनबाट सन् २०१७ मा फिल्म 'रातो घर' पनि निर्माण गरेका थिए । आफ्नो करिअरमा ३० बढी फिल्ममा अभिनय गरिसकेका उनको नयाँ फिल्म 'यो मन त मेरो नेपाली हो' गत साता प्रदर्शनमा आएको थियो ।

# श्रमिकको न्यूनतम पारिश्रमिक बढ्यो, अब १९ हजार ५५० रुपैयाँ




काठमाडौं/सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक बढाएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले १ साउनदेखि लागु हुने गरी न्यूनतम पारिश्रमिक निर्धाण गरेको हो ।

मन्त्रालयका सहसचिव तथा न्यूनतम पारिश्रमिक निर्धारण समिति अध्यक्ष प्रदीपकुमार कोइरालाका अनुसार चालु आव (१ साउन) देखि लागु हुने गरी न्यूनतम पारिश्रमिक वृद्धि भएको हो । समितिले सरकारलाई सिफारिस गरेपछि न्यूनतम पारिश्रमिक बढेको हो ।

सिफारिस अनुसार अब श्रमिकको न्यूनतम पारिश्रमिक १९ हजार ५ सय ५० पुगेको छ । ३२ असारसम्म श्रमिकको न्यूनतम पारिश्रमिक १७ हजार ३ सय रुपैयाँ थियो । सरकार, रोजगारदाता र श्रमिकका संगठनहरूको समेत प्रतिनिधित्व रहने समितिले दिएको सिफारिसका आधारमा श्रम मन्त्रालयले न्यूनतम पारिश्रमिक तोकेर राजपत्रमा प्रकाशित गर्ने छ । त्यसपछि बढेको पारिश्रमिक लागु हुनेछ ।

यो पारिश्रमिक चिया बगानमा काम गर्ने श्रमिकका हकमा भने लागु हुने छैन । ती श्रमिकका हकमा छुट्टै बैठक बसेर निर्णय गर्नुपर्ने भएकाले अहिले निर्णय नलिइएको अध्यक्ष कोइरालाले जानकारी दिए । सरकारले समितिले दिएकै सिफारिस अनुसार निर्णय गर्नेसमेत उनले बताए । श्रम ऐन अनुसार हरेक दुई/दुई वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्नुपर्ने उल्लेख छ । खाद्यान्न सहित वस्तुको मूल्यवृद्धि, आर्थिक अवस्था सहित सूचक आधार मान्दै नयाँ न्यूनतम पारिश्रमिक तोकिएको समेत उनले जानकारी दिए ।

उता, श्रमिकमा भने सहमति जुटेको थिएन । तर, सत्तारुढ दल (एमाले र कांग्रेस) का श्रमिक संगठनले सहमति जनाएपछि सरकारले रोजगारदाता र श्रमिक संगठनको सहमतिमै न्यूनतम पारिश्रमिक तोकेको हो ।

सहसचिव कोइरालाका अनुसार सहमति नभए सरकार आफैंले न्यूनतम पारिश्रमिक तोक्न सक्ने अधिकार छ । तर, यस पटक केही पक्ष असहमत भए पनि तीन पक्षकै सहमतिमा न्यूनतम पारिश्रमिक तोक्न सफल भएको उनले बताए । नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्ण अवस्थीले तीन वटै पक्षको सहमतिमा न्यूनतम पारिश्रमिक तोकिनु सकारात्मक पक्ष रहेको बताए ।

उता, संयुक्त ट्रेड यूनियन समन्वय केन्द्रमा भने सहमति जुटेको थिएन । माओवादी समर्थित मजदुर यूनियनका तर्फबाट २० हजार ३ सय रुपैयाँ न्यूनतम पारिश्रमिक हुनुपर्ने सर्त राखिएको थियो । सोही अनुसार सहमति नजुटे सरकारले तोक्ने सहमति गरेर बैठकबाट हिँडे पनि एमाले र कांग्रेसका प्रतिनिधिले सहमति जनाएको केन्द्रका अध्यक्ष जगतबहादुर सिंखडाले जानकारी दिए ।

नयाँ व्यवस्था अनुसार अब आधारभूत पारिश्रमिक १२ हजार १ सय ७० रुपैयाँ हुनेछ । जसमा महँगी भत्ता ७ हजार ३ सय ८० हुनेछ । कुल जोड्दा १९ हजार ५ सय ५० रुपैयाँ पारिश्रमिक हुनेछ । अब दैनिक ७ सय ५४ रुपैयाँ ज्याला हुनेछ । प्रतिघण्टा १ सय १ रुपैयाँ ज्याला पाइने छ । आंशिक काम गर्नेका हकमा प्रतिघण्टा १ सय ७ रुपैयाँ ज्याला पुगेको छ ।

यसअघि श्रमिकको आधारभूत पारिश्रमिक १० हजार ८ सय २० र महँगी भत्ता ६ हजार ४ सय ८० रुपैयाँ गरी १७ हजार ३ सय थियो । श्रमिकको दैनिक पारिश्रमिक ६ सय ६८ थियो ।

आंशिक समयमात्र काम गर्ने कामदारको न्यूनतम पारिश्रमिक ९५ रुपैयाँ प्रतिघण्टा थियो । सरकारले बढेको न्यूनतम पारिश्रमिकलाई सोही अनुपातमा तोकेको छ ।

पारिश्रमिकका अतिरिक्त श्रमिकले सामाजिक सुरक्षा ऐनले तोकेका सुविधा, श्रम सम्झौता, नियुक्तिपत्र, सञ्चयकोष तथा उपदान अनिवार्य दिनुपर्छ ।

स्थानीय तहमा समेत सरकारले तोकेको भन्दा कम नहुने गरी न्यूनतम पारिश्रमिक तोक्नुपर्छ । यो रकमभन्दा न्यूनतम हुने गरी अब पारिश्रमिक तोकेर रोजगार सम्झौता गर्न पाइँदैन ।

*(स्रोत: अनलाइनखबर)*

# टेलिग्राम बन्द गर्ने सरकारको तयारी

काठमाडौं/सामाजिक सञ्जाल टेलिग्राममार्फत ठगी, सम्पत्ति शुद्धीकरण सम्बन्धी गतिविधि भएको भन्दै यसलाई बन्द गर्ने तयारी गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्मा रहेको सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी कसूर निवारण सम्बन्धी राष्ट्रिय समन्वय समितिले टेलिग्रामलाई बन्द गराउन प्रक्रिया अघि बढाएको हो ।

स्रोतका अनुसार, समितिले बिहीबार सूचना तथा सञ्चार मन्त्रालयलाई पत्र लेख्दै टेलिग्रामलाई कारबाहीको दायरामा ल्याउन भनेको छ । मन्त्रालयका प्रवक्ता गजेन्द्र कुमार ठाकुरले पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पठाएको पत्र बिहीबार प्राप्त भएको संचारकर्मीलाई बताए ।

'पत्र आएको छ, तर अहिल्यै बन्द गर्नेभन्दा पनि त्यसमार्फत सम्पत्ति शुद्धीकरणसम्बन्धी गतिविधि भए नभएकोबारे बुझ्न भनिएको छ', उनले भने, 'त्यसबारे हामीले सम्पत्ति शुद्धिकरण विभाग, नेपाल प्रहरी लगायतका निकायलाई नै सोध्छौं, त्यसपछि मात्र के गर्ने भन्ने निर्णय हुन्छ ।' सम्भवत: यसबारे आइतबार केही निर्णय हुने ठाकुर बताउँछन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा रहने निर्देशक समितिमा अर्थमन्त्रालय, कानुन मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालयका सचिव, महान्यायाधिवक्ताको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव सदस्य रहने व्यवस्था छ । त्यस्तै, राष्ट्र बैंकका डेपुटी गर्भनर, नेपाल प्रहरीका महानिरीक्षक र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रमुख सदस्य रहने व्यवस्था छ ।

स्रोतका अनुसार, समितिको हालै बसेको बैठकमा नेपाल प्रहरीका प्रमुख आईजीपी दिपक थापाले टेलिग्राममार्फत ठगीसहितका अपराधिक गतिविधि बढेको र त्यो सम्पत्ति शुद्धीकरणसँग समेत जोडिएको ब्रिफिङ गरेका थिए । 'अहिले अनलाइनमार्फत हुने अधिकांश अपराध टेलिग्रामसँग जोडिएका छन्', उनले भनेका छन्, 'त्यसमाथि नेपालमा हुने अधिकांश ठगीमा यो जोडिएको छ ।'

२०८१ को भदौमा टेलिग्रामका संस्थापक तथा सीईओ पावेल डयुोभ आफैं फ्रान्समा पक्राउ परेका थिए । त्यसबेला उनीमाथि टेलिग्राममार्फत अवैध लेनदेन, लागूऔषध तस्करी, ठगी र बालबालिकामाथि यौन दुर्व्यवहारसँग सम्बन्धित तस्वीरहरू प्रसारमा संलग्नताको आरोप लगाइएको थियो । फ्रान्सले उनलाई त्यसबेला जमानतमा छाडे पनि पावेलको गिरफ्तारीले संसारभरि नै यो एपको नियमनबारे बहस सिर्जना गराइदिएको थियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुहुँ ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# आफैंले लाइसेन्स छाप्दै बागमती सरकार

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ बागमती प्रदेश सरकारले सवारी चालक अनुमतिपत्र (लाइसेन्स) आफैं छाप्ने तयारी गरेको छ । केन्द्र सरकारको भरपर्दा सेवाग्राहीले समयमै लाइसेन्स पाउन नसकेपछि प्रदेश सरकारले आफैं छाप्ने प्रक्रिया अघि बढाएको हो ।



प्रदेश सरकारले लाइसेन्स छपाइका लागि हालै ५ वटा प्रिन्टर मेसिन खरिद गरेको हो । प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिव वीरेन्द्रदेव भारतीले प्रदेश सरकार आफैंले लाइसेन्स छाप्न प्रिन्टर मेसिन खरिद गरिसकिएको बताए । उनकाअनुसार करिब ५ करोड रुपैयाँ लागतमा प्रिन्टर मेसिन किनिएको हो । प्रदेश सरकारले एकैपटक प्रिन्टर र स्मार्ट कार्ड खरिदका लागि टेन्डर आह्वान गरेपनि कार्ड खरिदको ठेक्का प्रक्रिया सफल हुन नसकेको उनले बताए ।

अब स्मार्ट कार्ड खरिदका लागि चालु आर्थिक वर्षको साउनभित्रै पुन: टेन्डर आह्वान गरिने उनले बताए । 'यातायात व्यवस्था विभागले लाइसेन्स छापेर वितरण गर्दा सेवाग्राहीले समयमै पाउन सकेका छैनन् । अब सेवाग्राहीलाई चाँडै लाइसेन्स उपलब्ध गराउन प्रदेशले आफैं छाप्ने तयारी गरेको हो,' उनले भने, 'लाइसेन्स छाप्ने प्रिन्टर किनिसक्यौं । कार्डका लागि पनि टेन्डर आह्वान गरेका थियौं । तर, कम्पनी छनोट हुनसकेन । अब फेरि साउनभित्रै रिटेन्डर आह्वान गर्छौं ।'

लाइसेन्स छपाइका लागि चालु आर्थिक वर्ष २०८२/८३ मा ६ करोड ७५ लाख रुपैयाँ बजेट छुट्याइएको उनले जानकारी दिए । हालसम्म कति कार्ड खरिद गर्ने टुंगो नलागे पनि बजेटले धान्नेसम्म कार्ड खरिद गरिने उनले बताए । 'कतिथान स्मार्ट कार्ड खरिद गर्ने भन्ने टुंगो लागेको छैन । एउटा कार्डको १३० देखि १५० रुपैयाँसम्म पर्ने बताइएको छ । हाम्रो बजेटले धानेसम्म कार्ड खरिद गर्छौं,' उनले भने । गत आवमा प्रदेश सरकारले प्रिन्टर र स्मार्ट कार्ड खरिदका लागि १२ करोड रुपैयाँ बजेट छुट्याएको थियो । कार्ड खरिदको ठेक्का लाग्न नसक्दा बाँकी बजेट फ्रिज भएको थियो ।

प्रदेश सरकारले प्रतिघण्टा ७५० वटासम्म लाइसेन्स छाप्न सक्नेछ । मन्त्रालयका सूचना अधिकारी खगेन्द्र पौडेलले सरकारले खरिद गरेको प्रिन्टरको छपाइ क्षमता प्रतिघण्टा १५० थान रहेको जानकारी दिए । उनका अनुसार ५ वटा प्रिन्टरले प्रतिघण्टा १५० वटाका दरले ७५० वटासम्म लाइसेन्स छाप्न सकिने छ । प्रदेशले कुन मितिदेखि लाइसेन्स छाप्ने टुंगो लागेको छैन । तर, अब कार्ड खरिदको ठेक्का प्रक्रिया सम्पन्न गरी कार्ड आउने बित्तिकै छाप्न थालिने उनले बताए ।

हालसम्मको लाइसेन्स यातायात व्यवस्था विभागले नै छापेर दिने बताएको उनको भनाइ छ । अब दैनिकरुपमा ट्रायल पास हुने र नवीकरणका लागि निवेदन दिनेहरुको लाइसेन्स प्रदेश सरकारले छाप्ने उनले बताए । यातायात व्यवस्था विभागका अनुसार हालसम्म ३० लाख बढी लाइसेन्स छाप्न बाँकी छ । विगत ३ वर्षअघि ट्रायल पास गरेका र नवीकरणका लागि आवेदन दिएकाले अझै लाइसेन्स पाउन सकेका छैनन् । केन्द्र सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले २०८० को माघ ७ गते प्रदेशहरुले पनि लाइसेन्स छाप्न सक्ने निर्णय गरेको थियो । सोहीअनुसार अहिले प्रदेशहरुले आ-आफ्नो हिसाबले तयारी गरेका छन् ।

प्रदेशहरुले लाइसेन्स छपाइका लागि चालु आर्थिक वर्षमा बजेट छुट्याएका छन् । लाइसेन्स छपाइका लागि गण्डकी प्रदेशले सबैभन्दा धेरै १० करोड रुपैयाँ बजेट छुट्याएको छ । कोशी प्रदेशले चालु आवमा आफैं क्यूआर कोडसहितको लाइसेन्स छाप्न ७ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ ।

कर्णाली प्रदेशले चालु आवमा प्रदेशबाटै स्मार्ट लाइसेन्स कार्ड छपाई तथा वितरण गर्ने कार्य सुरु गर्ने घोषणा गरेको छ । मधेश प्रदेशले सेवाग्राहीलाई छिटोछरितो सेवा पुऱ्याउने उद्देश्यले प्रदेशबाटै लाइसेन्स कार्ड प्रिन्ट गर्ने प्रक्रिया अगाडि बढाउन बजेट विनियोजन गरेको छ ।

## कोर्षबाहेक हप्ताको दुईदिन विशेषज्ञ शिक्षकबाट परामर्श गराइने

# सीपयुक्त र प्रभावकारी शिक्षक उत्पादन गर्दै म्यानेजमेन्ट

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ हेटौंडा स्कुल अफ म्यानेजमेन्टले शिक्षा संकायमा विद्यार्थीलाई नि:शुल्क अध्यापन गराउने भएको छ ।

यस विशेष कार्यक्रम मार्फत सीपयुक्त र प्रभावकारी शिक्षक उत्पादन गर्ने उद्देश्य राखिएको बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । म्यानेजमेन्टको नेतृत्वमा नवोदय शिशुसदन र नवोदय इनोभेशन सेन्टरको सहकार्यमा कक्षा ११ र १२ मा यो कार्यक्रम सञ्चालन हुन लागेको हो । यसका लागि म्यानेजमेन्टले सम्पूर्ण नेतृत्व गर्नेछ भने नवोदय शिशुसदनले स्कुल ल्यावको भूमिका निर्वाह गर्नेछ । नवोदय इनोभेशनले प्रशिक्षार्थी शिक्षकलाई शैक्षिक परामर्श तथा मार्गदर्शन प्रदान गर्ने बताइएको छ ।

निशुल्क शिक्षा कार्यक्रम अन्तर्गत अंग्रेजी, नेपाली, विज्ञान र गणित विषयमा कुल ३० जना विद्यार्थीलाई अध्यापन गराइने योजना रहेको हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीले बताएका छन् । हालसम्म १२ जना विद्यार्थीले यसका लागि भर्ना हुन फारम भरिसकेका छन् । कक्षा सञ्चालन श्रावण ११ गतेदेखि सुरु हुनेछ । बिहान ४ घण्टाको शैक्षिक कार्यक्रममा दैनिक दुई विषयको अध्ययन हुनेछ । हरेक शुक्रबार पुस्तक परिचर्चा, शिक्षासंवाद जस्ता रचनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

यसबाट विद्यार्थीमा भाषा सीप, आलोचनात्मक प्रश्न सोध्ने क्षमता र शिक्षण रुचि विकास हुने अपेक्षा गरिएको छ । कार्यक्रममा सहभागी विद्यार्थीले कोर्षबाहेक हप्ताको दुईदिन विशेषज्ञ शिक्षकबाट परामर्श पाउनेछन् । यो समयमा विद्यार्थीलाई नि:शुल्क खानाको व्यवस्था गरिएको प्रिन्सिपल जोशीले जानकारी दिए । नियमितरुपमा कक्षामा उपस्थित हुने विद्यार्थीलाई प्रतिमहिना एक हजार रुपैयाँ पकेटखर्च पनि प्रदान गरिनेछ ।

प्रशिक्षार्थी विद्यार्थीको सिकाइलाई थप प्रभावकारी बनाउन प्रत्येक हप्ता दुई वा तीनदिन तालिम, टिचिङ बुट क्याम्प, कार्यशाला र प्रशिक्षण जस्ता गतिविधि सञ्चालन हुनेछन् । यसका साथै विद्यार्थीको आवश्यकता र क्षमताका आधारमा उपयुक्त रोजगारीको व्यवस्था गरिने बताइएको छ । हेटौंडा स्कुल अफ म्यानेजमेन्टले ३९ जना विद्यार्थीलाई मेडिकल तयारी कक्षामा पनि नि:शुल्क अध्यापन गराइरहेको छ ।

# साउन ३ मा हेटौंडा कोरा च्यालेन्ज

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ हेटौंडा उपमहानगरपालिकाभित्र रहेका धार्मिक, पर्यटकीय क्षेत्रको प्रचारप्रसार गर्दै नगरलाई साइकलसँग जोड्ने उद्देश्यले साउन ३ गते शनिबार हेटौंडामा कोरा साइकल च्यालेन्ज हुने भएको छ ।

हेटौंडा राइडर्स क्लबको आयोजनामा ५० किलोमिटर दूरीको कोरा साइकल च्यालेन्ज हुने भएको हो । क्लबले बिहीबार पत्रकार सम्मेलन गरी कार्यक्रमबारे जानकारी दिएको हो ।

हेटौंडा सहरलाई साइकलसँग जोड्नुका साथै तीर्थस्थल र स्थानीयबस्तीलाई परिचित गराउन विगत आठ वर्षदेखि हेटौंडा कोरालाई निरन्तरता दिइएको क्लबका अध्यक्ष विकास ताम्राकारले जानकारी दिएका छन् ।

हेटौंडामा कोरा साइकल राइड सन् २०१८ देखि सुरु भएको हो । कोरा च्यालेन्जमा १२ वर्ष माथिका जो कोही महिला तथा पुरुषले सहभागिता जनाउन पाउने बताइएको छ । यसवर्षको कोरा साइकल च्यालेन्जमा तीन सयभन्दा बढीको सहभागिता रहने अनुमान गरिएको छ । कार्यक्रममा मकवानपुरका साथै चितवन, बारा, पर्सा र काठमाडौंका साइकलयात्रीको पनि सहभागिता रहनेछ ।

हेटौंडाको पशुपति मन्दिरबाट शनिबार बिहान ७ बजे सुरु हुने साइकल च्यालेन्ज फरेष्ट्रि कलेजको जंगल हुँदै भुटनदेवी मन्दिर, टिसिएन रोड, बुद्धचोक, चौकीटोल, जलेश्वर मन्दिर, वनखण्डी मन्दिर, मनकामनाचोक, सानोपोखरा, रुद्रेश्वर मन्दिर, हेटौंडा रिसोर्ट, क्याम्पाचौर, चौघडा, चुच्चेखोलाबाट शिवम् हुँदै हटिया गौरीटार, रिद्धिसिद्धि सिमेन्ट, रातोमाटे, मास्टरचोकबाट त्रिवेणीधाम हुँदै हेटौंडा सिमेन्टरोड, मेनरोड भएर बुद्धचोकमा पुगेर समापन हुनेछ ।

साइकल यात्रामा सहभागी हुनका लागि तीन सय रुपैयाँ दर्ता शुल्क तोकिएको क्लबका सदस्य विपिन ताम्राकारले जानकारी दिए । क्लबले साइकल ऱ्याली, टुर, राष्ट्रियस्तरको साइकल रेस प्रतियोगिता गर्दै आएको छ ।

# उद्योग संघका पूर्वअध्यक्ष अर्याल सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ मकवानपुरका उद्योगी, व्यवसायी नवराज अर्याललाई औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड बालाजुले ३८ औं वार्षिकोत्सवको अबसरमा सम्मान गरेको छ ।

उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्री दामोदर भण्डारीले बिहीबार बालाजुमा आयोजित कार्यक्रममा अयार्ललाई सम्मान गरेका हुन् । मुलुकको आर्थिक समृद्धि तथा औद्योगिकरणमा पुऱ्याएको योगदानको उच्चमूल्यांकन गर्दै अर्याललाई सम्मान गरिएको हो । उद्योग संघ मकवानपुरको पूर्वअध्यक्ष अर्याल ४६ वर्षदेखि उद्योगपतिका रुपमा क्रियाशील रहेका छन् ।

२०३६ सालमा अर्याल काष्ठ उद्योग संचालनमा ल्याएका अर्यालले हाल हेटौंडा औधोगिक क्षेत्रमा ५ सहित मकवानपुर, धादिङ, चितवन काठमाडौं, बिराटनगर, पोखरालगायतका सहरमा गरी १२ वटा उद्योग संचालन गरिरहेका छन् । आफ्ना उद्योग व्यवसायबाट अर्यालले एक हजार पाचसय जनालाई रोजगारीको अवसर सिर्जना गरेका छन् । निर्माण व्यवसायी समेत रहेका अर्याल सामाजिकक्षेत्रमा क्रियाशील छन् । मकवानपुरमा क्रियाशील संघसंस्थाको उन्नयनमा अर्यालले बिशिष्ट योगदान दिंदै आएका छन् ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले औद्योगिक व्यवस्थापन लिमिटेडलाई एक हप्ताभित्र कार्ययोजना लिएर मन्त्रालयमा हाजिर हुन निर्देशन दिएका छन् । उद्योगमन्त्री भण्डारीले जिडिपिमा उद्योगको योगदान घटेको भन्दै यसलाई वृद्धि गर्न अब प्रभावकारी हिसावले लाग्नुपर्ने बताए । उनले १५ प्रतिशतको हिस्सा ५ प्रतिशतमा झर्नु लाजमर्दो विषय भएको भन्दै अब सरकारले औद्योगिकक्षेत्र बढाएर उद्योगीलाई आमन्त्रण गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गरे ।

मन्त्री भण्डारीका अनुसार अब औद्योगिक पूर्वाधार बनाउनुपर्छ । कुनैपनि उद्योगी व्यवसायीले जग्गामा लगानी गरेर पूर्वाधार बनाउन कठिन छ । उनले राज्यले उद्योगलाई सहजरुपमा औद्योगिक पूर्वाधार दिएपछि उद्योगक्षेत्र स्वत: फस्टाउने बताए । उनका अनुसार एउटा आकर्षक औद्योगिक क्षेत्र बनाएर उद्योगीलाई आउनुस् भनेर आमन्त्रण गर्ने काम अब राज्यले गर्नैपर्छ । त्यसका लागि औद्योगिक व्यवस्थापन लिमिटेड जस्ता निकायले प्रभावकरी हिसावले काम गर्न जरुरी रहेको मन्त्री भण्डारीको भनाई छ ।

मन्त्री भण्डारीले पहिलो पटक केपी शर्मा ओली प्रधानमन्त्री बन्दा सातवटा प्रदेशमा सातवटा ठूला पूर्वाधार बनाउने निर्णय भएर शिलन्याश भएपनि आज एकदशक पुग्दा समेत सुरु हुन नसक्नु दुर्भाग्य भएको बताए । उनका अनुसार अहिले ती शिलन्याश भएका ठाउँमा प्रक्रियाका नाममा काम सुरु हुन सकेका छैनन् । एउटा औद्योगिक क्षेत्र बनाउन १० अर्ब लाग्छ भने अब पीपीपी मोडलमा औद्योगिक पार्क बनाउँदै लैजानुपर्नेमा मन्त्री भण्डारीले जोड दिए । उनले संसदबाट पास भएको बजेटलाई कार्यान्वयन गर्ने गरी अघि बढ्न औद्योगिक व्यवस्थापन लिमिटेडलाई निर्देशन दिएका छन् ।

# बागमती प्रदेश सरकारलाई खर्च गर्ने बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ बागमती प्रदेशसभाबाट पारित दुईवटा विधेयक प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले प्रमाणीकरण गरेका छन् ।

प्रदेशसभाबाट पारित आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रदेशप्रमुख देवकोटाले बुधबार प्रमाणीकरण गरेका हुन् । दुवै विधेयक यही असार २३ गते बसेको प्रदेशसभा बैठकले पारित गरेको थियो ।

विनियोजन विधेयक २०८२ र अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०८२ प्रदेशप्रमुखबाट प्रमाणीकरण भएसँगै प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रदेश सरकारलाई आगामी आवको बजेट साउन १ गतेबाट खर्च गर्ने बाटो खुल्नेछ ।

# नमस्कार साप्ताहिक द्वारा सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ हेटौंडा उपमहानगरपालिका वडा नं. २ स्थित नमस्कार साप्ताहिक पत्रिकाले मनहरी गाउँपालिका अन्तरगतको जनजातिउत्थान प्राविलाई भुइँखाट किन्न ३६ हजार रुपैयाँ सहयोग गरेको छ ।

शिशुकक्षाका बालबालिका चिसो भुइँमा बसेर पढ्न परेको बाध्यतालाई मध्यनजर गर्दै बालबालिकालाई पढ्न सुबिधा होस् भन्ने उद्देश्यले खाट किन्न सहयोगस्वरुप ३६ हजार उपलब्ध गराइएको साप्ताहिकका प्रकाशक कमलचन्द्र सुमनले बताए । प्रकाशक सुमनले विद्यालयमा पुगि विद्यालयका प्रधानाध्यापक नारायण उप्रेतीलाई ३६ हजारको चेक हस्तान्तरण गरेका हुन् । यस्तै साप्ताहिकले बकैया गाउँपालिका वडा नम्बर ५ राजदमार बस्ने बिराज गोलेलाइ विद्यालय पोशाक खरिद गर्नको लागि ५ हजार रुपैयाँको चेक प्रदान गरेको छ । गोले मकवानपुर बहुमुखी क्याम्पस हेटौंडामा कक्षा ११ मा अध्ययनरत छन् ।

# मनहरी-६ खयरघारीमा तिलेश्वर महादेवको स्थापना

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ मकवानपुर र चितवनको सीमावर्ती क्षेत्रमा पर्ने मनहरी गाउँपालिका-६ खयरघारीमा तिलेश्वर महादेव मन्दिरको स्थापना गरिएको छ ।

संघीय सरकारका अनुदान र स्थानीय जनसहभागितामा मन्दिर निर्माण सम्पन्न गरिएको मन्दिर निर्माण उपभोक्ता समितिका अध्यक्ष रमेश कार्कीले बताएका छन् । आगामी साउन महिनाको पहिलो सोमबार अर्थात साउन ५ गते विधिपूर्वक मन्दिरमा प्राणप्रतिष्ठा गर्ने तयारीलाई अन्तिम पारिएको कार्कीले बताए । मनहरी गाउँपालिकाको २३ लाख रुपैयाँ र जनश्रमदान ४ लाख ६ हजार ३८४ रुपैयाँ समेत गरी कूल २७ लाख ६ हजार ३८४ रुपैयाँ लगानीमा मन्दिर निर्माण सम्पन्न गरिएको हो ।

संघीय सरकारको अनुदान अन्तर्गत मनहरी गाउँपालिकाले बजेट कार्यान्वयन गरेको हो । गत आर्थिक वर्षमा मनहरी गाउँपालिकाले ५ लाख रुपैयाँ लगानी गरी अपूरो बनेको मन्दिर परिसरलाई यसपटक संघीय अनुदानमार्फत् बजेट लगानी गरी सम्पन्न गरिएको हो । स्थानीय सुनाचुरी सामुदायिक वनलगायत अन्य निकाय र व्यक्तिको पनि मन्दिरमा योगदान रहेको छ । लामो समयदेखि मन्दिर निर्माणका लागि विभिन्न निकायमा आग्रह गर्दै भक्तजनसँग आवश्यक समन्वय गरी मन्दिर निर्माण कार्यलाई अन्तिम रुप दिइएको हो ।

**पुन: लिलाम बढाबढ सम्बन्धिको सूचना !**

यस मकवानपुर बचत तथा ऋृण सहकारी संस्था लि. को मिति २०८२/०३/१९ गते प्रथम पटकको लिलाम बढाबढ बिक्री भएकोमा पर्याप्त मात्रामा लिलाम बिक्रीको बोलपत्र नआएको हुँदा पुन: दोस्रो पटक ७ सात दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरिएको जानकारी गराइन्छ ।

**मकवानपुर बचत तथा ऋृण सहकारी संस्था लि.**
हेटौंडा-४, स्कूलरोड

**हेटौंडा उपमहानगरपलिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हेटौंडा, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको विवरण बुझाउन तथा बिक्री वितरण बन्द सम्बन्धी सूचना !**

प्रस्तुत विषयमा ढुगां गिट्टी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ मा व्यवस्था भए वमोजिम प्रत्येक आर्थिक वर्षको आषाढ मसान्त भित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परिमाण सम्बन्धित पालिकामा बुझाउनुपर्ने कानूनी व्यवस्था छ । हेटौडा उपमहानगर पालिका क्षेत्र भित्र सञ्चालनमा रहेको क्रसर तथा वालुवा उद्योगहरुले उपमहानगरपालिकावाट स्थलगत प्राविधिक नाप जाँच गरी उद्योगको खरिद विक्री खाता बमोजिम स्टक (मौज्दात) प्रमाणित गरी कारोवार शुरु गर्नुपर्ने तथा सो प्रमाणित कार्य नभएसम्म र कारोवार विवरण नबुझाएसम्म उद्योगमा रहेको नदीजन्य पदार्थहरुको मिति २०८२ साल असार ३२ गते रातको १२ बजेबाट बिक्री वितरण तथा ओसार पसार कार्य बन्द हुने व्यहोरा सम्बधित सबै सरोकारवालाहरुमा जानकारी गराइन्छ साथै सूचनालाई सबै पक्षबाट अक्षरस पालनाको लागि अनुरोध गर्दै सूचना विपरित कार्य गरेमा कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

राजश्व व्यवस्थापन शाखा




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना